# प्रेस विज्ञप्ती

## नेपाल सरकार
## ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

नेपाल-बंगलादेश बीच जलस्रोत क्षेत्रमा सहकार्यको लागि स्थापित संयन्त्र "Nepal Bangladesh Joint Expert Committee (JEC) on harnessing of water resources and mitigating floods and flood damages को छैंठौं बैठक नेपालको तर्फबाट ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री सागर कुमार राई तथा बंगलादेशको तर्फबाट जलस्रोत मन्त्रालयका बरिष्ठ सचिव श्री कविर विन अनवरको संयुक्त नेतृत्वमा आज मिति २०७९ श्रावण १२ गते सम्पन्न भयो। उक्त बैठक ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री माननीय पम्फा भुसालको पहलमा चौध वर्षपछि भएको हो।

सो बैठकमा द्विपक्षीय छलफल गरी देहाय बमोजिमको सहमति गरियो।

१. अहिले विद्यमान संस्थागत संरचनालाई ध्यानमा राख्दै संयुक्त विज्ञ समुह (JEC)ले संयुक्त प्राविधिक अध्ययन समिति (JTST- Joint Technical Study Team) को संरचना परिवर्तनको साथै आगामी सेप्टेम्बर महिनाभित्र यसको स्वीकृत Terms of Reference (TOR) बमोजिम कार्य शुरु गर्न पहिलो बैठक राख्ने ।

२. नेपालका नदीहरुको उपयोगवाट फाइदा लिन तथा बाढीबाट हुने क्षतिलाई कम गर्न दुवै देशले संयुक्त रुपमा अध्ययन गर्न JTST लाई निर्देश गर्ने। साथै दुवै देशले बाढी व्यवस्थापन, सिंचाइ प्रविधि, उत्तम अनुभवहरु एवं क्षमता अभिवृद्धिका लागि सहकार्य गर्ने।

३. जलस्रोतको विकास र व्यवस्थापनमा जलवायु परिवर्तनले पार्ने असरलाई न्यूनीकरण गर्न संयुक्त रुपमा अध्ययन गर्ने।

४. बाढीको प्रक्षेपण सम्बन्धी आवश्यक सुचना एंव तथ्याङ्क (Real Time Data समेत) समयमै आदानप्रदान गर्नका लागि बंगलादेशबाट प्रस्तावित समझदारी पत्रको मस्यौदामा छलफल गरी आगामी बैठकमा पेश गर्ने ।

५. जलाधार क्षेत्रलाई आधार मानी सिंचाइ, जलविद्युत, बाढी नियन्त्रण, जल यातायात, पर्यटन जस्ता बहुपक्षीय फाइदाहरु लिन संयुक्त रुपमा पहल गर्ने।

साथै अन्तमा संयुक्त विज्ञ समुहको सातौ बैठक छिटै बंगलादेशको ढाकामा गरिने निर्णय भयो।

(मधु प्रसाद भेटुवाल)
प्रवक्ता एवं सहसचिव